डिलासैनी गाउँसभाको बैठकमा २०७६ साल आषाढ १० गते
मगंलबार
अध्यक्ष उकेन्द्रबहादुर बोहराज्युले
प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७६।०७७ को
# नीति तथा कार्यक्रम

डिलासैनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डिलासैनी बैतडी

**सभाका आदरणीय सदस्य ज्यूहरु तथा अतिथी महानुभावहरु,**

सामाजिक समानता, समता र न्याय का आधारमा समुन्नत र समृद्ध डिलासैनी निर्माण का लागि विकेन्दिकृत शासन व्यवस्था मार्फत आम जनताको विकास प्रतिको अपेक्षा पुरा गर्नु हामि सबैको दायित्व हो । घर घरमा सिंहदरवार को अवधारणा लाइ मुर्त रुप दिइ जनतालाइ उनिहरुकै दैलोमा छिटो छरितो रुपमा प्रभावकारी सेवा उपलब्ध गराउन सकेमा मात्र लोकतन्त्र सुदृढ हुन जान्छ, राज्यप्रति जनताको विश्वास र अपनत्व अभिबृद्धी हुन गइ सुशासन कायम हुन्छ । जनता विकासको व्यग्र पतिक्षामा छन । सिमित श्रोत साधनको कुशल परिचालन विना जनताका अपेक्षाहरु छोटा समयमै सम्बोधन गर्नु निकै जटिल चुनौतिको रुपमा रहेको छ । एकातिर संघियता संस्थागत भइसकेको छैन भने अर्कातिर कर्मचारी समायोजन ले समेत पुर्णता नपाएको अवस्था छ । यसका वावजुत डिलासैनी गाँउपालिका को निति तथा कार्यक्रम को तेस्रो बर्ष प्रबेश गर्दा धेरै अनुभव हासिल भएका छन । यिनै अनुभवहरुका सकारात्मक पक्षहरुलाइ व्यवहारमा लागु गर्दै समृद्ध र समुन्नत डिलासैनी निर्माण का लागि हामिले सुशासन सहितको तिव्र आर्थिक बृद्धि र दिगो विकास प्राप्त गर्नैपर्ने हुन्छ । यसरी सामाजिक राजनैतिक आर्थिक क्षेत्रमा दिगो विकास का माध्यमवाट आम जनतालाइ प्रत्यक्ष परिवर्तनको अनुभुति गराउन सकेमा मात्र संघिय शासन व्यवस्था संस्थागत भइ लोकतन्त्र सुदृढ हुन सक्छ ।

**गाउँसभाका सदस्य तथा अतिथि महानुभावहरु,**

नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम यस गाँउपालिकाको आर्थिक वर्ष ०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न गरिमामय गाँउसभामा उभिएको छु । यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली नागरिकहरुको सुख शान्ति र समृद्धी का लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै घाइते र वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु ।

**गाउँसभाका सदस्य तथा अतिथि महानुभावहरु,**

हामीले विगतका बर्षहरुमा हासिल गरेका अनुभव का आधारमा हामीमाझ व्याप्त समस्या हरुलाइ न्युनिकरण गरी विकास र समृद्धी का लागि अझै एकजुट भएर अहोरात्र खटिनुपर्ने अवस्था छ । हामी संग प्रसस्त अवसरहरु छन अवसर संगै समस्या र चुनौती पनि थपिएका छन । डिलासैनी गाँउपालिकालाइ कसरी देशकै नमुना गाँउपालिका बनाउन सकिन्छ भन्ने तर्फ सम्पूर्ण डिलासैनी परिवार सदैव चिन्तित थियो, छ र हुने नै छ । गणतन्त्र, संघीयतासँगै बढेका जनताका आकांक्षा, चाहना र भावनालाई सम्वोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०७६/०७७ को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा मार्फत् समग्र डिलासैनी गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा म आफू र यस सभालाई गौरवान्वीत ठानेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासीहरु, निर्वाचित जनप्रतिनिधिहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु,

राजनैतिक दलका साथीहरु, नागरिक समाजका अभियन्ताहरु, ओहोरात्र खटिने कर्मचारीहरु, शिक्षक, पत्रकार, समाजसेवीहरुप्रति आभार व्यक्त गर्दछु ।

**गाउँसभाका सदस्य तथा अतिथि महानुभावहरु,**

अब, म यस गाउँपालिकाको आगामी आ.व. २०७६/२०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

आगामी आर्थिक वर्षको अन्त्यमा डिलासैनी गाउँपालिकाले देहायका विषयगत क्षेत्रमा निम्नानुसारको अपेक्षित उपलब्धी हासिल गरेको हुने छ ।

**पूर्वाधार विकास तर्फः**

सडक विकासको मुल आधार भएकाले डिलासैनी गाउँपालिकाका सवै बडाहरुमा  सडक पुऱ्याउन विस्तृत सर्भे तथा अध्ययन गर्ने कार्यलाइ तिव्रता दिइनेछ । ट्रयाक खोल्ने कार्यमा मात्र सिमित नरही साझेदारी मा आधारित रहेर गाँउपालिका भित्रका सडकहरु स्तरोन्नती गरिनेछन्।

डिलासैनी गाउँपालिकाले अँध्यारोमुक्त डिलासैनी अभियान सञ्चालन गर्ने नीतिलाइ निरन्तरता दिएको छ । यसका लागि लघु जलविद्युत निर्माण आयोजनाहरु संचालनमा ल्याइनेछन् । मुख्य मुख्य चोक र सडक हरुमा सौर्य बत्तिहरुको लागि आवश्यक पहल गरिनेछ  ।

कृषि क्षेत्रमा आधुनिकिरण गरी आम जनताको जिवनस्तरमा सुधार ल्याउन रोजगारी सृजना गर्न मनसुन माथिको निर्भरता न्युनिकरण गर्न बृहत र बहुबर्षिय सिचाइ आयोजनाहरु संचालनमा ल्याइनेछन ।

शुद्ध खानेपानीमा सबै नागरिकको पहुँच पुऱ्याउने नीति लिइएको छ । सञ्चालनमा रहेका खानेपानी योजनाहरुको मर्मत सम्भार र संरक्षण गरिनेछ । खानेपानि आयोजनाहरु संचालन गर्दा पानिका मुहान संरक्षण कार्यलाइ प्राथमिक्ता दिइनेछ ।

डिलासैनी गाउँपालिका र वडा कार्यालयहरुको प्रशासकीय भवन निर्माणका लागि विस्तृत अध्ययन प्रतिवेदन तयार गरिनेछ ।

आयोजनाहरुलाइ प्रभावकारी रुपमा संचालन गर्न अनुगमन मुल्याकंन पद्धतिलाइ अझै बढी पारदर्शि विश्वसनिय र जवाफदेहि तुल्याइनेछ ।

**आर्थिक विकासः**

डिलासैनीको आर्थिक विकासको मुल आधार कृषि क्षेत्र लाइ बनाउने निति लिइएको छ । कृषि क्षेत्रमा व्यवसायीकिकरण आधुनिकिकरण गरी रोजगारी अभिबृद्धि गरी आम जनताको जिवनस्तरमा सुधार ल्याउन नगदे वालि को विकासका लागि आयोजनाहरु सञ्चालनमा ल्याइनेछन् । कृषि उत्पादन को बजार सुनिश्चिततताका लागि कृषि उपज संकलन केन्द्र स्थापना गरिनेछ। माटो परीक्षणका

कार्यक्रमहरुलाइ प्रभावकारी रुपमा लागु गरिनेछ । यसै आर्थिक वर्षबाट  एक टोल  एक उत्पादन कार्यक्रम संचालनमा ल्याइनेछ ।

डिलासैनी गाँउपालिकाको भौगोलिक स्वरुप बाखा पालनका लागि उपयुक्त भएकोले नश्ल सुधार मार्फत उन्नत जातका बाखा पालन कार्यकमलाइ प्राथमिक्ता दिइनेछ । दुग्ध जन्य पदार्थ निर्यात गर्न व्यावसायीक रुपमा गाइभैसी पालन गर्ने कृषक समुहहरुलाइ अनुदान दिने निति लिइएको छ ।

कृषि तथा पशु क्षेत्रमा देखापर्ने रोगको रोकथाम का लागि प्राविधिक जनशक्ति बडा स्तरबाटै उपलब्ध गराउने , कृषि तथा पशु विमा कार्यकम लाइ जोड दिने निति लिइनेछ ।

डिलासैनी गाउँपालिकाको क्षेत्रभित्र स्वदेशी तथा विदेशी पर्यटक आकर्षित गर्न यस क्षेत्रका धार्मिक सास्कृतिक पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार कार्यलाइ प्रभावकारी बनाइनेछ । कोशेली घर को अवधारणा लाई मुर्त रुप दिइनेछ ।

**सामाजिक विकासः**

गुणस्तरीय शिक्षा आजको अपरिहार्यता भन्ने नाराका साथ शिक्षा क्षेत्रमा गुणस्तर सुधारका कार्यकमहरु ल्याइनेछन । निजि श्रोतका शिक्षकहरुको व्यवस्थापनका लागि विद्यालयहरुलाइ कार्यसम्पादन मा आधारीत भइ अनुदान उपलब्ध गराइनेछ । यसपूर्व विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था, दूरी, विद्यार्थी, शिक्षकको संख्या लगायतका प्राविधिक कुराहरुको अध्ययन गरी आवश्यक नभएका विद्यालयहरुलाई मर्ज तथा खारेज गरिनेछ  र आवश्यक भएका ठाउँमा थप विद्यालयहरु खोलिनेछन् ।

विद्यालयका शिक्षकहरुको क्षमता अभिबृद्धी गर्न , विद्यालय लेखा प्रणालीमा सुधार ल्याउन तालिम कार्यशाला संचालन गरिनेछन ।

विद्यालयहरुको भौतिक पुर्वाधारको विकास लागि भवन तथा शौचालय निर्माण, मर्मत फर्निचर र कम्प्युटर व्यवस्थापन लाइ प्राथमिक्ता दिइनेछ ।

यसै वर्षदेखि शिक्षा क्षेत्रको गुणस्तर सुधारका लागि विद्यालय संग कार्य सम्पादन करार गरिने निति लिइने छ ।स्पष्ट मापदण्ड र कार्यविधि सहित ल्याइने कार्य सम्पादनका  आधारमा नै आगामि आर्थिक वर्षमा उक्त विद्यालयलाइ अनुदान दिइने निति अख्तियार गरिएको छ ।

आधारभूत स्वास्थ्यमा सबैको पहुँच पुर्याउन स्वास्थ्य संस्थाहरुको गुणस्तर सुधार गरिनेछ । आमा तथा शिशुको सुरक्षाका लागि गत आर्थिक वर्षबाट सञ्चालनमा ल्याइएको मातृ तथा शिशु सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

जनतालाइ अनिहरुकै नजिकको स्वास्थ्य संस्थावाट ल्याव सेवा पुऱ्याउन गाँउपालिका भित्रका सवै स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला सेवा संचालन गरिनेछ ।

जेष्ठ नागरीक तथा अपागंता भएका नागरीकहरुका लागि घर दैलो स्वास्थ्य सेवा अभियान संचालन गरिनेछ ।

स्वास्थ्य विमा कार्यक्रमलाइ प्रभावकारी रुपमा लागु गरी आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने निति लिइएको छ ।

वालवालिका हरु को स्वास्थ्य प्रवर्धन गर्नका लागि एक विद्यालय एक स्वास्थ्य सहायक कार्यक्रम लागु गर्ने निति लिइने छ ।

स्वास्थ्य संस्थाहरु लाइ सुविधा सम्पन्न बनाइ स्वास्थ्य संस्थाहरुलाइ स्तरोन्नती गर्दै जाने निति लिइएको छ ।

महिला स्वास्थ्य स्वयंसेविकाहरुलाइ प्रोत्साहन गर्न कार्य सम्पादन मा आधारीत भइ प्रोत्साहन गर्दै लगिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापनः**

जलवायु परिवर्तन बाट विश्व नै प्रभावित भएको अवस्थामा हामी पनि बञ्चित रहन सक्दैनौ । आ आफ्नो क्षेत्रवाट सवैले बातावरण जोगाउने प्रयास गरेमा मात्र जलवायु परिवर्तन लाइ नियन्त्रण गर्न सकिन्छ । यस क्षेत्रको बन क्षेत्र, सिमसार क्षेत्र जोगाउन डिलासैनि भित्र हरियाली बन क्षेत्र कार्यक्रम सञ्चालन गरिनेछ । विपद जोखिम न्यूनीकरण र तत्काल राहतका लागि गाउँपालिका विपद व्यवस्थापन कोष लाइ प्रभावकारी बनाइनेछ । गाउँपालिकाको विपद व्यवस्थापन ऐन कार्यान्वयनमा ल्याइनेछ । भुकम्प प्रतिरोधि भवन निर्माणका लागि नक्सा पास नगराइ भवन निर्माण गर्ने कार्यलाइ निरुत्साहित गरिनेछ । भवन निर्माण मापदण्ड र संहिताको पालना गराइनेछ ।

**संस्थागत विकास र सेवा प्रवाहः**

डिलासैनी गाउँपालिका लाइ सुचना प्रविधि मैत्री बनाइनेछ । विद्युतिय हाजिरी प्रणालीलाई सवै सरकारी निकायहरुमा लागु गरिनेछ । गाउँपालिका र वडा कार्यालयका लागि डिजिटल नागरिक वडापत्र सञ्चालनमा ल्याइनेछ ।

मुस्कान सहितको सेवा प्रणाली लागु गरिनेछ । गुनासो सुनुवाई गर्न वडा कार्यालयहरुमा गुनासो संयन्त्र निर्माण गरिनेछ।

सेवा प्रवाहमा जवाफदेहिता, पारदर्शिता सुशासन कायम गरिनेछ यसका लागि रेडियो, पत्रिका, अनलाईन र मोवाइल एप्स मार्फत सूचना प्रवाहमा जोड दिइनेछ , सार्वजनिक सुनुवाईको व्यबस्था गरिनेछ ।

व्यक्तिगत घटना दर्ता जन्म, मृत्यु, विवाह लगायतका महत्वपूर्ण तथ्याङ्कलाई अनलाइन प्रणालीबाट प्रादेशिक तथा केन्द्रीय निकायमा नियमित रुपमा पठाउने व्यवस्था गरिनेछ ।

ज्येष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षाको कार्यक्रम अन्तर्गत लाभग्राहीहरुको विवरण अनलाइन अद्यावधिक गर्नका साथै रकम वितरण कार्यलाई बैंकिंग प्रणालीमा आबद्ध गरिनेछ ।

कर्मचारीहरुको मनोबल अभिबृद्धी गर्न कार्य सम्पादनमा आधारित प्रोत्साहन उपलब्ध गराइने छ । उत्कृष्ठ कर्मचारी छनौट गरी पुरस्कृत गरिनेछ ।

स्थानीय तहका कर्मचारीहरुले अवकाशपछि प्राप्त गर्ने सुविधाको व्यवस्थापनका लागि कर्मचारी कल्याणकारी कोष स्थापना गरिने नितिलाइ निरन्तरता दिइने छ ।

**आदरणीय सदस्य महानुभावहरु**

जनता विकासको व्यग्र पतिक्षामा छन । सिमित श्रोत साधन कुशल परिचालन विना जनताका अपेक्षाहरु छोटा समयमै सम्बोधन गर्नु निकै जटिल चुनौतिको रुपमा रहेको छ । एकातिर संघियता संस्थागत भइसकेको छैन भने अर्कातिर कर्मचारी समायोजन ले समेत पुर्णता नपाएको अवस्था छ । यसका वावजुत डिलासैनी गाँउपालिका को निति तथा कार्यक्रम को तेस्रो बर्ष प्रबेश गर्दा धेरै अनुभव हासिल भएका छन । यिनै अनुभवहरुका सकारात्मक पक्षहरुलाइ व्यवहारमा लागु गर्दै समृद्ध र समुन्नत डिलासैनी निर्माण का लागि हामिले सुशासन सहितको तिव्र आर्थिक बृद्धि र दिगो विकास प्राप्त गर्नैपर्ने हुन्छ । यसरी सामाजिक राजनैतिक आर्थिक क्षेत्रमा दिगो विकास का माध्यमवाट आम जनतालाइ प्रत्यक्ष परिवर्तनको अनुभुति गराउन सकेमा मात्र संघिय शासन व्यवस्था संस्थागत भइ लोकतन्त्र सुदृढ हुन सक्छ ।

डिलासैनी गाउँपालिकाको विकासका लागि अंगिकार गरिएका यी नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा आम डिलासैनीवासी जनसमुदाय, बुद्धिजीवी, समाजसेवी, राजनीतिक दल, कर्मचारी संयन्त्र सबै निस्वार्थ ढंगले लागि परौं भन्ने यसै गाउँसभा मार्फत आम डिलासैनीबासीमा हार्दिक अपील गर्दै बिदा हुन्छु ।

धन्यवाद

उकेन्द्रबहादुर बोहरा
अध्यक्ष